# त्रैमासिक कर बुलेटिन

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) सँग सम्बन्धित स्वतःप्रकाशन

(२०८२ वैशाख ०१ देखि २०८२ आषाढ मसान्तसम्म)



नेपाल सरकार

अर्थ मन्त्रालय

आन्तरिक राजस्व विभाग

## आन्तरिक राजस्व कार्यालय, दमौली

तनहुँ

# विषयसूची


१. कार्यालयको स्वरुप र प्रकति ........................................................................ १

२. कार्यालयको काम, कर्तव्य र अधिकार................................................................ २

३. निकायमा रहने कर्मचारीको सङ्ख्या र कार्य विवरण..................................................... २

३.१ सङ्गठन संरचना र वर्तमान अवस्था.................................................................. २

४. कार्यालयबाट प्रदान गरिने सेवा....................................................................... ३

५. सेवा प्रदान गर्ने कार्यालयको शाखा र जिम्मेवार अधिकारी ................................................ ३

५.१ शाखा र जिम्मेवार अधिकारी ....................................................................... ३

५. सेवा प्राप्त गर्न लाग्ने लाग्ने दस्तुर र अवधि ........................................................... ३

६. निर्णय गर्ने प्रक्रिया र अधिकारी ...................................................................... ३

७. निर्णय उपर उजुरी सुन्ने अधिकारी.................................................................... ३

८. सम्पादन गरेको कामको विवरण ...................................................................... ४

८.१ त्रैमासिक कार्य प्रगति विवरण ....................................................................... ४

८.२ त्रैमासिक अवधि (२०८२ वैशाख देखी २०८२ आषाढ मसान्त) मा सम्पादित अन्य महत्वपुर्ण कार्यहरु ............................................................................................ ५

९. कार्यालय प्रमुख र सूचना अधिकारीको विवरण ........................................................ ५

९.१ कार्यालय प्रमुखको विवरण......................................................................... ५

९.२ सूचना अधिकारीको विवरण......................................................................... ६

१०. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची ........................................................... ६

११. आम्दानी खर्च तथा आर्थिक कारोबार सम्बन्धी अधवाधिक विवरण........................................ ६

१२. कार्यालयको वेभसाइट............................................................................... ६

१३. कार्यालयले प्राप्त गरेको बैदेशिक सहायता, ऋण, अनुदान एंव प्राविधिक सहयोग र सम्झौताः.......... ७

१४. सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरणः......... ७

१५. कार्यालयका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सो को विवरण ...................... ७

# १. कार्यालयको स्वरुप र प्रकति

कर प्रणालीलाई शासन व्यवस्थाको मेरुदण्डको रुपमा लिइन्छ। सुदृढ कर प्रणालीका माध्यमबाट नै राज्य प्रभावकारी ढङ्गले सञ्चालन हुने, दिगो आर्थिक विकास हासिल हुने र सेवा प्रभावकारी भई सुशासन कायम हुन्छ। कर प्रणाली अन्तर्गत कर नीति, कर कानून, कर प्रशासन र करदाता समेटिएका हुन्छन् । समयसापेक्ष कर नीत, सरल कानून, इमानदार करदाता, पारदर्शी, जिम्मेवार एवम् व्यवसायिक कर प्रशासन कर प्रणालीका आधार हुन्।

अतः कर प्रशासनलाई अझ सुदृढ र आधुनिक बनाई करदातालाई प्रदान गरिने सेवामा प्रभावकारिता ल्याई अधिकतम राजस्व परिचालन गर्न, समयसापेक्ष कर कानूनको परिपालनालाई प्रभावकारी र नतिजामूखी बनाउन तथा करदाताको आवश्यकतामा आधारित करदाता शिक्षा आदि कार्यहरु कुशल तरिकाले सम्पादन गर्न नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७५।०३।२० को आन्तरिक राजस्व विभाग अन्तरर्गतका कार्यालयहरुको संगठन संरचना र दरबन्दी स्वीकृत भएको हो । सोही अनुरुप तनहुँ जिल्लामा साविकमा करदाता सेवा कार्यालय मात्र रहेको र करदाताहरुको चाप बढ्दै गएको सन्दर्भमा करदाताहरुलाई सेवा प्रवाहमा थप सुविधा प्रदान गर्ने उद्देश्यका साथ नेपाल सरकार (मन्त्रिपरिषद्) को २०७५।०४।१८ को निर्णयबाट कार्यक्षेत्रसमेत तोकी आन्तरिक राजस्व कार्यालय दमौली स्थापना गर्ने निर्णय भएको हो । सोही अनुरुप तनहुँ जिल्लामा कार्यालय स्थापना भई मिति २०७५।०६।०४ गतेदेखि यस कार्यालयबाट सेवा प्रवाह भइरहेको छ।

**कार्यालयमा रहेका शाखाहरुः**

**क. करदाता सेवा शाखा**

यस शाखाले कर सम्बन्धी सेवाहरु जस्तैः करदाता दर्ता, करचुक्ता जारी गर्ने, करको दायरा बिस्तार गर्ने, कर सहभागिता बृद्धि गर्ने, करदाताको विवरण अद्यावधिक गर्ने, विवरणको लेखाजोखा गर्ने, कम्प्युटर बिलिङ्ग अनुगमन गर्ने, करदाता शिक्षा संचालन गर्ने जस्ता मूख्य कार्यहरु गर्द ।

**ख. संकलन शाखा**

यस शाखाले मूलतः राजस्व असुली सम्बन्धित कार्यहरु गर्दछ । आयकर, मु.अ.कर, अन्तःशुल्क, शिक्षा सेवा शुल्क, स्वास्थ्य सेवा कर जस्ता कर असुली सम्बन्धि कार्यहरु जस्तैः बक्यौता असुली, भौचर संशोधन, हिसाब मिलान, बेरुजु फर्छ्यौट, राजस्व लेखा प्रणाली, प्राप्त विवरणहरुको अद्यावधिक गर्ने जस्ता कार्यहरु पर्दछन्

**ग. कर परीक्षण तथा अनुसन्धान शाखा**

आयकर, मु.अ.करतर्फका करदाताको तथ्यांकको बिश्लेषण गर्ने, प्रारम्भिक अनुसन्धान गर्ने, बिस्तृत अनुसन्धान गर्ने, पुर्ण कर परिक्षण, करदाताको दर्ता खारेजी, अग्रिम कर कट्टी परीक्षण, कर फिर्ता तथा चालु बर्षको कर परीक्षण जस्ता कार्यहरु यस शाखाले गर्दछ ।

**घ. अन्तः शुल्क शाखा-**

इजाजतपत्र लिइ कारोवार गर्नुपर्ने करदाताको इजाजतपत्र प्रदान गर्ने, पुरानो इजाजतपत्र नविकरण गर्ने, भौतिक तथा अर्ध भौतिक नियन्त्रण प्रणालीमा आधारित प्रतिष्ठानको उत्पादन /निकासीमा नियन्त्रण र अन्तशुल्क स्टिकर व्यवस्थापनको कार्य गर्दछ ।

**ङ. आर्थिक प्रशासन शाखा-**

कार्यालयको वजेट तयार गर्ने , आम्दानी र खर्चको लेखा राख्ने ।

# २. कार्यालयको काम, कर्तव्य र अधिकार

- करदाता दर्ता गर्ने (आयकर, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क,व्यक्तिगत स्थायी लेखा नम्बर),
- विवरण दर्ता गर्ने( मू.अ.क विवरण, आयविवरण, अन्तःशुल्क विवरण),
- अन्तःशुल्क इजाजतपत्र प्रदान गर्ने तथा नविकरण गर्ने,
- करदाता शिक्षा सम्बन्धी कार्यहरु गर्ने,
- करचुक्ता प्रमाणपत्र प्रदान गर्ने, मू.अ.क. विवरण नदिने तथा आयविवण दाखिला नगर्ने करदाताको सूची तयार गरी विवरण दाखिलाका गर्न लगाउने,
- करदाताको अभिलेख अध्यावधिक गर्ने,
- कम्प्युटर बीजकको स्वीकृति प्रदान गर्ने,
- करसम्बन्धी सूचना प्रवाह गर्ने तथा गुनासो सुनुवाइ गर्ने,
- राजस्व संकलन गर्ने ।
- बक्यौता असुली गर्ने र बक्यौता हिसाब मिलान गर्ने,
- वेरुजु फछ्र्यौट गराउने ।
- कर कानुनको परिपालना भए नभएको तथा करको दायरामा नआएका क्षेत्रको पहिचान गर्न वजार अनुगमन गर्ने ।
- कर परिक्षण , दर्ता खारेजी तथा अनुसन्धानात्मक कार्य गर्ने ।

# ३. निकायमा रहने कर्मचारीको सङख्या र कार्य विवरण

## ३.१ सङ्गठन संरचना र वर्तमान अवस्था

| क्र.स. | पद | श्रेणी | सेवा | समुह | दरबन्दी | पद पूर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. | प्रमुख कर अधिकृत | रा.प.द्वितीय | प्रशासन | राजस्व | १ | १ | ० | |
| २. | कर अधिकृत | रा.प तृतीय | प्रशासन | राजस्व | ६ | ६ | ० | |
| ३. | नायब सुब्बा | रा.प.अन.प्रथम | प्रशासन | राजस्व | ९ | ७ | २ | |
| ४. | डा.इ.सु. | रा.प.अन.प्रथम | विविध | विविध | २ | २(१ करार) | ० | |
| ५. | लेखापाल | रा.प.अन.प्रथम | प्रशासन | लेखा | १ | १ | ० | |
| ६. | ह.स.चा | श्रेणी विहिन | प्रशासन | सा.प्र | १ | १ (करार) | ० | |
| ७. | का.स | श्रेणी विहिन | प्रशासन | सा.प्र | २ | २ (करार) | ० | |
| | जम्मा | | | | २२ | २० | २ | |

## ४. कार्यालयबाट प्रदान गरिने सेवा

- Personal PAN, Business PAN, Withholder PAN जारी गरिने।
- मूल्य अभिवृद्धि करमा दर्ता र अन्तशुल्क इजाजतपत्र जारी तथा नविकरण गरिने।
- करदाताको बायोमेट्रिक गरिने।
- विधुतीय बीजक अनुमति प्रदान।
- कर चुक्ता प्रमाणपत्र जारी गरिने।
- स्थायी लेखा नं. स्थगन वा दर्ता खारेजी गरिने।
- करदाताको कारोबार स्थलको ठाउंसारि, नामसारी, कारोबार थप लगायत शुरु दर्ता निकायबाट भएको संशोधनलाई अधवाधिक गरिने।
- करदताले कर रकम दाखिला गर्दा गलत भएमा भौचर संशोधन गरिने।
- दर्ता खारेजीका लागी पेश भएका करदाताको दर्ता खारेजी गर्ने ।

## ५. सेवा प्रदान गर्ने कार्यालयको शाखा र जिम्मेवार अधिकारी

### ५.१ शाखा र जिम्मेवार अधिकारी

| क्र.स. | शाखाको नाम | जिम्मेवार अधिकारी | सम्पर्क नम्बर |
|---|---|---|---|
| १. | संचालन शाखा | कर अधिकृत | |
| २. | संकलन शाखा | कर अधिकृत | |
| ३. | कर परिक्षण तथा अनुसन्धान शाखा | कर अधिकृत | |
| ४ | अन्तःशुल्क शाखा | कर अधिकृत | |
| ५ | आर्थिक प्रशासन शाखा | लेखापाल | |

## ५. सेवा प्राप्त गर्न लाग्ने लाग्ने दस्तुर र अवधि

कार्यालयको नागरिक वडापत्रमा उल्लेख भए अनुसार।

## ६. निर्णय गर्ने प्रक्रिया र अधिकारी

- निर्णय गर्ने प्रकियाः सरकारी निर्णय प्रक्रिया सरलीकरण निर्देशिका, २०६५ एवम् सूचनाको हकसम्बन्धी ऐन, २०६४, आयकर ऐन २०५८, मूल्य अभिवृद्धि कर ऐन, २०५२, अन्त शुल्क ऐन, २०५८ लगायत प्रचलित कानुनबमोजिम।
- निर्णय गर्ने अधिकारीः प्रमुख कर अधिकृत ।
- अधिकार प्रत्यायोजन भएको अवस्थामा कर अधिकृत ।

## ७. निर्णय उपर उजुरी सुन्ने अधिकारी

कार्यालयबाट हुने निर्णयको सम्बन्धमा आन्तरिक राजस्व विभागका महानिर्देशक।

# ८. सम्पादन गरेको कामको विवरण

## ८.१ त्रैमासिक कार्य प्रगति विवरण

यस कार्यालयबाट संवत २०८२ वैशाख देखि आषाढ मसान्त सम्मको राजस्व संकलन तथा सम्पादन भएका मुख्य मुख्य कार्यहरु देहायबमोजिम छन्।

**क. राजस्व सङ्कलन**

| क.सं. | राजस्वको प्रकार | वैशाख महिना | | |
|---|---|---|---|---|
| | | लक्ष्य रु हजारमा | सङ्कलन रु हजारमा | प्रतिशत |
| १. | आयकर | ३९३२४।४७ | ३८९१३।९३ | ९९ |
| २. | मूल्य अभिवृद्धी कर | ३०७१०।८४ | २०३१३।०६ | ६६ |
| ३. | अन्तशुल्क | १४०४२२३।६८ | १०९२८५९।१२ | ७८ |
| **वैशाखमा जम्मा** | | १८९७४९८।७८ | १३९७७५०।११ | ७४ |

| क.सं. | राजस्वको प्रकार | जेष्ठ महिना | | |
|---|---|---|---|---|
| | | लक्ष्य | सङ्कलन | प्रतिशत |
| १. | आयकर | २९९५०।१७ | ५०४५८।९८ | १६८ |
| २. | मूल्य अभिवृद्धी कर | ३१७८९।१४ | २३६८२।३ | ७४ |
| ३. | अन्तशुल्क | १३३४५७५।६८ | ५८३२३०।५ | ४४ |
| जेष्ठमा जम्मा | | १६५८२१७।३५ | ७४०४७१।७८ | ४५ |

| क.सं. | राजस्वको प्रकार | आषाढ महिना | | |
|---|---|---|---|---|
| | | लक्ष्य | सङ्कलन | प्रतिशत |
| १. | आयकर | १५४६२१।२८ | १६२९२१।८७ | १०५ |
| २. | मूल्य अभिवृद्धी कर | ४७४१३।६७ | ५४६६७।२४ | ११५ |
| ३. | अन्तशुल्क | १००२९३८।९ | ६२१२०४।६ | ६२ |
| आषाढमा जम्मा | | १४५८१८२।४४ | १०१०७११।७२ | ६९ |

**आ.व. २०८१/८२ को वार्षिक**

| क.सं. | राजस्वको प्रकार | | | |
|---|---|---|---|---|
| | | लक्ष्य | सङ्कलन | प्रतिशत |
| १. | आयकर | ९००७१३।९९ | ७१९६१०।०६ | ८० |
| २. | मूल्य अभिवृद्धी कर | ४३०६६८ | २९७४९४।८६ | ६९ |
| ३. | अन्तशुल्क | १०५३२४९५ | ९४५८९००।०२ | ९० |

| वार्षिक जम्मा | १४९३५४६८।९९ | १२९९०३८७।८ | ८७ |
|---|---|---|---|

**ख करदाता दर्ता विवरण .**

| क्र.स. | परिसूचक | ३ महिना (वैशाख, जेष्ठ आषाढ) को दर्ता सङ्ख्या | हालसम्मका कुल दर्ता संख्या |
|---|---|---|---|
| १. | व्यावसायिक स्थायी लेखा नम्बर दर्ता | ५४९ | ५३४३७ |
| २. | व्यक्तिगत स्थायी लेखा नम्बर दर्ता | ३१५० | ८२८७५ |
| ३. | मूल्य अभिवृद्धी करमा दर्ता | ४७ | ४६४९ |
| ४. | अन्तःशुल्क | १७ | ३०६३ |
| ५ | W.PAN | २२ | १४३४ |
| जम्मा | | | |

### ८.२ त्रैमासिक अवधि (२०८२ वैशाख देखी २०८२ आषाढ मसान्त) मा सम्पादित अन्य महत्वपुर्ण कार्यहरु

१..राजस्व संकलनको बार्षिक लक्ष्य अनुरुपको प्रगति हासिल गर्न ठुला करदाताको प्रोफाइल तयार गरि शुष्म निगरानी गरिएको , विभिन्न स्थानीय निकायहरुवाट दाखिला हुनुपर्ने राजस्व दाखिला भए नभएको सम्वन्धमा सम्पर्क गरि दाखिला गर्न लगाइएको ।करदातालाई आयकरको अन्तिम किस्ता दाखिला गर्न सम्पर्क गरि दाखिला गर्न लगाइएको ।

**२. कर वक्यौता सङ्कलनको लागि विशेष प्रयासः** आयकर तथा मूल्य अभिवृद्धी कर वक्यौता रहेका करदाताहरुलाई उक्त वक्यौता कर दाखिला गर्न निरन्तर फोन सम्पर्क, सङ्कलन भ्रमण र सामुहिक सन्देश सम्प्रेषण (Sparrow SMS) जस्ता महत्वपुर्ण प्रयास उपलब्धीपूर्ण।

**३. बजार अनुगमन तथा निरीक्षणः** व्यवसायीलाई करको दायरामा ल्याउन बजार अनुगमन तथा निरीक्षण कार्यलाई निरन्तरता दिइयो।

## ९. कार्यालय प्रमुख र सूचना अधिकारीको विवरण

### ९.१ कार्यालय प्रमुखको विवरण

| क्र.सं. | कार्यालय प्रमुखको नाम/थर | पद र श्रेणी | सम्पर्क नम्बर | इमेल | कैफियत |
|---|---|---|---|---|---|
| १. | डा. लाल बहादुर खत्री | प्रमुख कर अधिकृत/रा.प.द्वितीय | ९८५६००००९५ | | |

## ९.२ सूचना अधिकारीको विवरण

| क्र.सं. | सूचना अधिकारी को नाम/थर | पद र श्रेणी | सम्पर्क नम्बर | इमेल | कैफियत |
|---|---|---|---|---|---|
| १. | ठाकुर प्रसाद सुवेदी | कर अधिकृत/रा.प.तृतीय | ९८५६०६५१२९ | | |

# १०. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

- आयकर ऐन (संशोधन सहित), २०५८
- आयकर नियमावली (संशोधन सहित), २०५९
- मूल्य अभिवृद्धि कर ऐन (संशोधन सहित), २०५२
- मूल्य अभिवृद्धि कर ऐन (संशोधन सहित), २०५३
- अन्तःशुल्क ऐन, २०५८ र अन्तशुल्क नियमावली (संशोधन सहित), २०५९
- मदिरा ऐन, २०३१ र मदिरा नियमहरु (संशोधन सहित), २०२३
- आयकर निर्देशिका (संशोधन सहित), २०६६
- मुल्य अभिवृद्धि कर निर्देशिका (संशोधन सहित), २०६९
- अन्तशुल्क निर्देशिका (संशोधन सहित), २०६८
- विधुतीय विजक सम्बन्धी कार्यविधि, २०७४(संशोधन सहित)
- पूँजीगत लाभकर सम्बन्धी निर्देशिका (संशोधन सहित), २०७२

# ११. आम्दानी खर्च तथा आर्थिक कारोबार सम्बन्धी अधवाधिक विवरण

**आ.व २०८१.८२ आम्दानी र खर्चको विवरणः**

| क्र.सं. | बजेट उपशिर्षक | बजेट निकाशा(रु) | खर्च | खर्च(%) | बाँकी(%) |
|---|---|---|---|---|---|
| १. | चालुगत खर्च | १७०९८०५५.९४ | १७०९८०५५.९४ | १००% | ० |
| २. | पूँजीगत खर्च | २०२३३४८.३७ | २०२३३४८.३७ | १००% | ० |

# १२. कार्यालयको वेभसाइट

https://ird.gov.np/branch/iro-damauli

E-Mail - iro-damauli@ird.gov.np

## १३. कार्यालयले प्राप्त गरेको बैदेशिक सहायता, ऋण, अनुदान एंव प्राविधिक सहयोग र सम्झौताः

- प्राप्त नभएको।

## १४. सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरणः

- लिखित रुपमा सूचना माग नभएको, मौखिक रुपमा नियमित सूचना प्रदान गरिएको।

## १५. कार्यालयका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सो को विवरण

यस कार्यालयका सूचनाहरु कार्यालयका सूचनापाटी लगायत आन्तरिक राजस्व विभागको वेभसाइट www.ird.gov.np/branch/iro-damauli र कार्यालयको फेसबुक आइडी आन्तरिक राजस्व कार्यालय, दमौलीबाट प्राप्त गर्न सकिन्छ।